गाउँपालिका उपाध्यक्ष श्री गायत्री आचार्य ज्यूबाट

मेलुङ गाउँपालिकाको गाउँ सभाको १९ औं अधिवेशनको तेस्रो बैठकमा प्रस्तुत आर्थिक बर्ष २०८३/०८४ को

बजेट बक्तव्य

मेलुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, भेडपु, दोलखा

बाग्मती प्रदेश, नेपाल

২০৮৩

"कृषि, पशु, वन, पर्यटन विकासको आधार : स्वास्थ्य, शिक्षा, सडक समृद्ध मेलुङको पूर्वाधार"

आर्थिक बर्ष २०८३/०८४ को बजेट बक्तब्य

सभामा प्रस्तुत मितिः २०८३/०३/१०

सभाका अध्यक्षज्यू,
गाउँसभाका सदस्य ज्यूहरु,
राष्ट्र सेवक कर्मचारीहरु, शिक्षक तथा विभिन्न पेशा व्यवसायमा सम्वद्ध पेशाकर्मी साथीहरु
राजनीतिक दल, नागरीक समाज, पत्रकार, सुरक्षाकर्मी साथै सम्पूर्ण गाउँपालिकाबासी आमावुवा, दाजुभाई तथा दिदीबहिनीहरु,

1. नेपालको संविधान २०७२ बमोजिम संघीय लोकतान्त्रिक शासन व्यवस्थाको माध्यमद्वारा नेपाली जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको अभिलाषा पुरा गर्ने उद्देश्यका साथ संङ्घ, प्रदेश र स्थानीय तहको सरकारले आफ्नो ९ वर्षे कार्यकाल पुरा गरिसकेको छ। स्थानीय सरकारको दोस्रो कार्यकालको अन्तिम वर्षमा गाउँपालिकाको १९ औं गाउँसभामा हामी उपस्थित भएका छौ। संविधान बमोजिम गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय गाउँसभामा आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउनुलाई गर्व अनुभूति गरेको छु।
2. यस गौरवपूर्ण अवसरमा जनआन्दोलन, राजनीतिक अधिकार प्राप्तिका लागि भएका विभिन्न आन्दोलन तथा संघर्षहरूमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको लागि कामना गर्दै बेपत्ता भएका नागरिकहरू प्रति सम्मानपूर्वक नमन गर्न चाहन्छु।साथै मुलुकको राजनीतिक, आर्थिक एवम् सामाजिक परिवर्तनमा युगान्तकारी रूपले नेतृत्वदायी भूमिका खेल्नुहुने महानुभावहरू प्रति हार्दिक सम्मान प्रकट गर्दछु।
3. संविधानबाट प्राप्त अधिकार, संविधानको अनुसूची ८ मा भएको संवैधानिक व्यवस्था अनुरूप २२ वटा स्थानीय तहको अधिकार अनुसार स्थानीय सरकारको नीति तथा कार्यक्रम, ऐन, नियम, योजना तर्जुमा तथा बजेट व्यवस्था गर्ने जिम्मेवारी एवम् कर्तव्य स्थानीय सरकारको हो। सम्पूर्ण मेलुङ गाउँपालिकाबासीहरूमा सुशासन, विकास र समृद्धिको प्रत्याभूति गराउन योजनाबद्ध विकासका लागि आ.व. २०८३/०८४ को गाउँपालिकाको नीति तथा

कार्यक्रम पारित गरी बजेट तथा कार्यक्रम व्यवस्था गरी कार्यान्वयनमा ल्याउने ऐतिहासिक दिनमा हामी उपस्थित भएका छौ।

४. संघीय लोकतान्त्रिक गणतन्त्रले हामीलाई दिगो शान्ति, स्थायित्व, विकास, समृद्धि, सामाजिक न्याय र समाजवाद तर्फ अघि बढ्ने आधार दिएको छ। समृद्ध र नमुना गाउँपालिकाको आधारशिला निर्माण गर्न सामाजिक न्याय सहितको बहुआयामिक विकासलाई तीव्र रूपमा अगाडि बढाउने जमर्को गरिएको छ। नेपालको संविधान, २०७२ मा भएको व्यवस्था बमोजिम स्थानीय सरकारको क्षेत्राधिकार अनुरूप वित्तीय संघीयतालाई प्रभावकारी र दिगो बनाउन सम्भाव्य स्रोतको परिचालन, दक्षतापूर्ण बाँडफाँट तथा उच्चतम उपयोग गर्न विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासनको त्रिकोणात्मक संयोजन कायम गर्नु परेको छ।

५. आर्थिक तथा सामाजिक पूर्वाधारको विकास गर्दै गरिबीको रेखामुनि रहेका एवं विभेद र बहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जाति र समुदाय लगायत सबै नागरिकको विकास र समृद्धिको आकांक्षा सम्बोधन गर्न उपलब्ध स्रोत र साधनलाई उच्चतम उपयोग गर्ने प्रयास गरिएको छ।

६. आगामी वर्षको बजेट तयार गर्दा नेपालको संविधान, गाउँपालिकाको आवधिक योजना, आवधिक योजनाले राखेको दीर्घकालीन सोच, सोह्रौँ योजना, दिगो विकासको लक्ष्य, मेलुङ गाउँपालिकाको नीति तथा कार्यक्रम महत्वपूर्ण आधारको रूपमा लिएको छु।

७. समाजमा रहेका सामाजिक, आर्थिक, लैङ्गिक लगायत सबै प्रकारका विभेद तथा कुरीतिको अन्त्य गर्दै गाउँपालिकाको विकास, समृद्धि र सामाजिक न्यायलाई केन्द्रविन्दुमा राखी समाजवाद उन्मुख अर्थतन्त्रको आधार निर्माण गर्ने उद्देश्यबाट बजेट निर्देशित भएको छ। गाउँसभाको यस अधिवेशनमा पेस भएको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता उपर भएको छलफलमा गाउँसभाका सदस्यहरूबाट प्राप्त सुझाव, राजनीतिक दल, स्थानीय बुद्धिजीवी, शिक्षाकर्मी, पेशाविद, निजी क्षेत्र, उद्योगी व्यवसायी, सञ्चारकर्मी र आम नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई समेत बजेट तर्जुमा गर्दा महत्व दिएको छु।

सभाका सभाध्यक्ष ज्यू

८. बजेटका उद्देश्यहरू:

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटका उद्देश्यहरू प्रस्तुत गर्न चाहान्छु।

क. विपद तथा प्रकोप व्यवस्थापन: सबै प्रकारका विपद तथा महामारीजन्य प्रकोपबाट जीवन रक्षा र विपदको न्यूनीकरण एवं व्यवस्थापन गर्दै गाउँपालिकाका नागरिकको जनजीवनलाई सुरक्षित बनाउने।

ख. स्थानीय अर्थतन्त्रको विकास र विस्तार: संघ र प्रदेश सरकारको विकास सम्बन्धी सोच, लक्ष्य र उद्देश्यसँग तादाम्यता कायम गरी अन्तर-सरकार, सहकारी, निजी क्षेत्र र नागरिक समाजसँग समन्वय, सहयोग र सहकार्यको माध्यमद्वारा स्थानीय अर्थतन्त्रको विकास गरी समृद्धिको आधार तयार गर्ने।

ग. बाँझो जग्गाको उपयोग र व्यवस्थापन: गाउँपालिकामा खेतीपाती नगरी बाँझो राखिएको जग्गालाई प्रयोगमा ल्याई कृषि प्रवर्धनमा जोड दिने। कृषि व्यवसायी, कृषि सहकारी तथा कृषि सम्बन्धी संघ संस्थाहरूलाई अनुदानको व्यवस्था गरी कृषि तथा फलफूल उत्पादनमा प्रोत्साहन गर्ने।

घ. उत्पादनमूलक, जलवायु तथा विपद उत्थानशिल पूर्वाधार: भू-उपयोग योजनाका आधारमा बस्ती तथा भौतिक विकास योजना तर्जुमा गरी सो अनुसार पूर्वाधार विकास र सुविधा अभिवृद्धि गरिनुका साथै पूर्वाधार तथा संरचना निर्माण गर्दा उत्पादन र आयमूलक क्षेत्रमा जोड दिई रिचार्ज पोखरी, पहिरो नियन्त्रण जस्ता जलवायु अनुकूलन आयोजनालाई विशेष प्राथमिकता दिने एवं संरचना निर्माण गर्दा वातावरण संरक्षण सम्बन्धी कानुन अनुसरण गर्ने ।

ङ. योजनावद्ध पूर्वाधार विकास: गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजना, खानेपानी तथा पूर्वाधार विकास सम्बन्धी तयार गरिएको विस्तृत परियोजना प्रतिवेदनको आधारमा बजेट व्यवस्थापन गरी दिगो विकासको लक्ष्य अनुरूप भौतिक पूर्वाधारहरूको विकास गर्ने।

च. प्रभावकारी सेवा प्रवाह: गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था लगायत गाउँपालिका क्षेत्रभित्र कार्यरत निजी तथा सरकारी एवं गैरसरकारी संघ संस्थाबाट प्रदान गरिने सेवा प्रवाहलाई क्रमश डिजिटलाईजेसन गर्दै सरलीकृत गरी थप व्यवस्थित गर्दै सुशासन र सेवा प्रवाहमा सुधार गर्न सबै संयन्त्रलाई प्रभावकारी बनाई सम्पूर्ण सेवामा आम नागरिकको सहज पहुँच अभिवृद्धि गर्ने।

छ. साझेदारी र सहकार्य: आवश्यकताको पहिचान गरी पूर्वाधार विकास, कृषि पशुपन्छी, स्वास्थ्य शिक्षा, सेवा प्रवाह, खानेपानी सरसफाइ तथा नागरिक सशक्तिकरण जस्ता कार्यक्रमहरू राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरूसँग साझेदारी र सहकार्यमा सञ्चालन गरिनेछ।

ज. समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्द्धन: गाउँपालिकाबाट सम्पादन गर्ने सेवा प्रवाह तथा कार्यहरूलाई पारदर्शी बनाउँदै नागरिकका मौलिक हक र अधिकारका रूपमा रहेका आवश्यकता परिपूर्ति मार्फत राज्यको लोककल्याणकारी भूमिका बढाइने छ।

झ. सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापन: विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रमाण, तथ्य तथा ज्ञानमा आधारित एवं नतिजामूलक बनाइने छ। यस प्रक्रियामा सूचना प्रविधि, अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ।

ञ. **आन्तरिक स्रोतको परिचालनः** स्थानीय विकासलाई थप बलियो बनाउनको लागि राजस्वका दर र क्षेत्रको दायरा बढाउनका साथै वैज्ञानिक कर प्रणालीको विकास गरिने छ।

ट. **शिक्षा, स्वास्थ्य, सरसफाइ तथा पोषणः** शिक्षा स्वास्थ्य सरसफाइ र पोषण प्रवर्द्धन मार्फत मानिसको जीवन स्तरमा सुधार गरिनेछ।

ठ. **कृषि तथा पशुपन्छीः** व्यवसायिक कृषि तथा पशुपालनलाई प्रवर्द्धनको माध्यमबाट उत्पादन वृद्धि गरी आय बढाउने।

ड. **लैङ्गिक समानता तथा समावेशीकरणः** स्थानीय स्रोत साधनको समुचित परिचालन मार्फत लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई उच्च प्राथमिकतामा राख्दै दिगो विकास, समावेशी र सामाजिक न्याय सहितको उच्च आर्थिक वृद्धि हासिल गर्ने।

७. बजेटका प्राथमिकताहरुः

अव म आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटका प्राथमिकताहरू प्रस्तुत गर्न चाहन्छु:

क. गाउँपालिकाको रणनीतिक सडक पूर्वाधार विकास योजनालाई निरन्तरता, साथै निर्माणाधिन तथा अधुरा आयोजनाहरूको निर्माण सम्पन्न,

ख. गाउँपालिकाको प्रशासकीय भवन, बाँकी वडा कार्यालय भवन तथा स्वास्थ्य भवनहरू निर्माण,

ग. पर्यटन पूर्वाधार क्षेत्रको पूर्वाधार विकास तथा स्तरोन्नती,

घ. एक घर एक धाराको नीति अनुरूप खानेपानी पूर्वाधार निर्माण र आर्थिक विकासका निमित्त सिँचाई योजना निर्माण।

ङ. कृषि उत्पादनमा जोड तथा कृषि अनुदान प्रोत्साहन कार्यक्रम सञ्चालन,

च. आधुनिक एवं प्रविधिमैत्री सेवा प्रवाहमा तथा सुशासन, पारदर्शिता र सेवा प्रवाहमा गुणात्मक सुधारको लागि नवीन प्रविधिहरूको प्रयोगमा जोड,

छ. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार,

ज. आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाईमा नागरिकको सहँज पहुँचमा जोड,

झ. वातावरणीय र जलवायुमैत्री भौतिक पूर्वाधारको निर्माणमा जोड,

ञ. व्यावसायिक कृषि, पशुपन्क्षी, मत्स्य, दुग्ध र मासुजन्य उत्पादनको विकासमा जोड,

ट. लक्षित वर्गको सशक्तिकरण र समाजमा स्थापित गराउने समतामूलक विकासको अवधारणाका कार्यक्रमहरू कार्यान्वयनमा जोड,

ठ. रोजगारी सिर्जना र आयमा वृद्धि गरी स्वरोजार बनाउने योजना तथा कार्यक्रमहरू सञ्चालन,

ड. गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरूको संरक्षण र विकासमा जोड।

10. **चालु आर्थिक वर्षको विनियोजन तथा खर्चको समीक्षाः**

अव म चालु आ.व २०८२/८३ को गाउँ सभाबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा विनियोजन भएको कूल बजेट ५६ करोड २७ लाख ६५ हजार ५ सय ९७ रुपैया मध्ये पूँजी तर्फ २२ करोड ३६ लाख ३५ हजार ५ सय ८० चालु तर्फ ३४ करोड २१ लाख ३० हजार १७ रुपैया मध्ये

चालु तर्फः खर्च रु २६ करोड १६ लाख ९४ हजार ९ सय ९८ रुपैया

पूँजीगत तर्फः खर्च रु. ८ करोड ५३ लाख ८३ हजार ५ सय ७९ रुपैया खर्च भएको छ हाल सम्म ६१.३४ प्रतिशत मात्र खर्च भएको छ आर्थिक वर्षको अन्त्य सम्म ८० प्रतिशत सम्म खर्च हुने अनुमान गरेको छु।

" सभाका सभाध्यक्ष ज्यू, अब म आ. व. २०८३/०८४ को आयको प्रक्षेपण प्रस्तुत गर्न चाहन्छु।

11. आयको प्रक्षेपणः

क्र.सं.	बजेटको स्रोत	रकम
१	समानीकरण अनुदान – सङ्घ	११ करोड ३५ लाख
२	समानीकरण अनुदान – प्रदेश	१ करोड ७३ लाख ८ हजार
३	राजश्व बाँडफाँड – सङ्घ	७ करोड ६२ लाख ७४ हजार
४	राजश्व बाँडफाँड – प्रदेश	२ करोड ९३ लाख२७ हजार ३ सय ७५
५	राजश्व बाँडफाँड – स्थानीय	५ लाख
६	आन्तरिक स्रोत	६५ लाख
७	अल्या	३ करोड
८	सङ्घीय सरकार सशर्त अनुदान	२१ करोड ५६ लाख ४० हजार
९	सङ्घीय सरकार समपुरक अनुदान	१ करोड
१०	सङ्घीय सरकार विशेष अनुदान	४५ लाख
११	प्रदेश सरकार सशर्त अनुदान	१ करोड ४० लाख १ हजार
१२	प्रदेश सरकार समपुरक अनुदान	२ करोड ८० लाख
१३	प्रदेश सरकार विशेष अनुदान	७० लाख

	जम्मा	**५४५४८०३७५**

आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि वित्तीय परिचालन र खर्च अनुमान गर्दा वित्तीय सन्तुलन कायम गर्ने उद्देश्य लिई सोही अनुरूप योजना तथा कार्यक्रमहरू तर्जुमा गरी रकम विनियोजन गरेको छु। आगामी आर्थिक वर्षको लागि कुल ५४ करोड ५४ लाख ८० हजार ३ सय ७५ रुपैयाँ प्राप्त हुने अनुमान गरी बजेट पेस गरेको छु।

सङ्घीय र प्रादेशिक सरकारबाट प्राप्त हुने सशर्त, समपूरक र विशेष अनुदान बाहेक समानिकरण, राजस्व वाँडाफाड र आन्तरिक स्रोत समेत गरि कूल २६ करोड ६३ लाख प्रक्षेपण गरिएको छ।

सभाका सभाध्यक्ष ज्यू, अब म आ. व. २०८३/०८४ को विनियोजन प्रस्तुत गर्न चाहन्छु।

12. २०८३/०८४ को विनियोजन

१. वडागत विनियोजन

क) ७ वटा वडामा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च प्रति वडा रु ६ लाख ५० हजारको दरले विनियोजन गरेको छु।

ख) वडा नम्बर १ र ४ मा पूजीगत खर्चको लागि प्रति वडा रु १० लाख रुपैया को दरले विनियोजन गरेको छु।

ग) वडा नम्बर २,३,५,६ र ७ को लागि प्रति वडा रु ८ लाख विनियोजन गरेको छु।

घ) वडा नम्बर १ र ४ मा योजना तथा कार्यक्रमको लागि प्रति वडा ६० लाख विनियोजन गरेको छु।

ङ) वडा नम्बर २,३,५,६ र ७ मा योजना तथा कार्यक्रमको लागि प्रति वडा रु ५० लाख विनियोजन गरेको छु।

२. शिक्षा युवा तथा खेलकुदः

क) मा तथा शिक्षकहरूको नियमित बैठक सञ्चालन गर्ने व्यवस्था मिलाइने छ। शिक्षकहरूको क्षमता विकास तालिम तालिम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

ख) गाउँपालिकामा पठन पाठन भइरहेको मातृभाषा शिक्षालाई थप विस्तार, अनुगमनलाई प्रभावकारी र व्यवस्थित गर्न बजेट व्यवस्था गरेको छु।

ग) स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक निर्माण तथा छपाई गरी पठनपाठनको व्यवस्था मिलाइनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

घ) विद्यालय सहायक तथा बाल विकास सहजकर्ता र विद्यालय सहयोगीलाई राज्यले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउन आवश्यक बजेटलाई निरन्तरता दिएको छु। उत्कृष्ट विद्यार्थी, शिक्षक, प्रधानाध्यापक तथा विद्यालयलाई प्रोत्साहन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु। राष्ट्रपती रनिङ शिल्ड तथा विभिन्न अवसरमा हुने खेल सहभागीताको लागि पर्याप्त बजेट छुट्याएको छु।

ङ) कक्षा ८ को बार्षिक परीक्षा तथा गाउँपालिकास्तरीय त्रैमासिक परीक्षा, करार शिक्षक छनौटको लागि आवश्यक पर्ने बजेट प्रस्ताव गरेको छु। प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको क्षमता तथा नेतृत्व विकासको लागि बजेट विनियोजन गरेको छु। स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक विकास गरी शिक्षाको गुणस्तर सुधार गर्न बजेट विनियोजन गरेको छु।

च) सामुदायिक विद्यालयमा ICT विस्तारको लागि बजेट निरन्तरता दिएको छु।

छ) शैक्षिक योजना निर्माण, नव प्रवेशी स्थायी शिक्षकको सेवा प्रवेश, बालबिकास सहजकर्ता तालिम, मन्टेश्वरी तालिम, बालमैत्री कक्षाकोठा व्यवस्थापन, पाठ्यक्रम कार्यान्वयन कार्यशाला, SIP निर्माण, लेखा परीक्षण तथा सामाजिक परीक्षण तालिम र ICT/EMIS/TPD लगायतका क्षमता विकास तालिमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

शिक्षा क्षेत्रको लागि लागि रु. १८ करोड बजेट व्यवस्था मिलाएको छु।

३. स्वास्थ्य तथा आयुर्वेद सेवाः

क) जनस्वास्थ्य सुधारको लागि एम्बुलेन्स सञ्चालन अनुदान तथा मेलुङ स्वास्थ्य चौकीमा ल्याब सेवा निरन्तरताको लागि आवश्यक बजेट व्यवस्था गरेको छु। त्यसैगरी महामारी रोग नियन्त्रण कार्यक्रम, Zero Home Delivery

घोषणा, आमा समूह परिचालन कार्यक्रम तथा उत्कृष्ट स्वास्थ्यकर्मी सम्मान कार्यक्रम तथा गर्भवती भिडियो एक्सरे सेवा, Tele ANC/PNC फलोअप विशेषज्ञ सहितको स्वास्थय शिविर लगायतका कार्यक्रम प्रस्ताव गरेको छु।

ख) गाउँपालिका भित्रका स्वास्थ्य चौकीहरूबाट प्रदान भइरहेको प्रसूति सेवालाई भरपर्दो र विश्वसनीय बनाउन सबै प्रसूति केन्द्रहरूलाई सुदृढीकरण गर्ने कार्यलाई निरन्तरता दिएको छु।

ग) सहायता प्राप्त गर्ने नागरिकहरूलाई स्वास्थ्य विमामा आवद्ध हुन अभिप्रेरित गर्दै लगिनेछ।गाउँपालिका भित्र रहनुभएका दीर्घरोगीहरू (किड्नी समस्या भई डायलाइसिस गरिरहेका, क्यान्सर बिरामी तथा मेरुदण्ड पक्षघात भएका बिरामीहरू) लाई नेपाल सरकारले तोके बमोजिम मासिक रकम प्रदान गर्नका लागि बजेट विनियोजन गरेको छु।

घ) गाउँपालिकामा स्वास्थ्य सेवालाई घर घर सम्म पुऱ्याउन महत्वपूर्ण भूमिका खेलिरहनु भएका राष्ट्रिय महिला स्वयंसेविकाहरूको कामको प्रशंसा गर्दै थप प्रोत्साहन गर्दै लगिने छ। निजहरूलाई गाउँपालिकाको तर्फबाट प्रोत्साहन स्वरूप वार्षिक रूपमा दिँदै आइरहेको भत्तालाई निरन्तरता दिएको छु।

ङ) बालबालिका, किशोर किशोरी तथा सुनौला हजार दिने आमाहरूलाई कुपोषण हुन नदिन तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेको बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइएको छ। यसमा थप गाउँपालिकाको तर्फबाट साझेदारीका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

च) स्वास्थ्य चौकीमा रहेको प्रसूति केन्द्रहरूलाई सुदृढीकरण गर्दै लगिनेछ।यसका निम्ति स्वास्थ्य चौकीहरूमा दक्षता प्राप्त अनमीहरूको व्यवस्था गरिनेछ। यसका लागि SBA तालिम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छु।

छ) गाउँपालिका भित्र रहेका आम नागरिकहरूको स्वास्थ्य उपचारलाई सहज र सरल बनाउन स्वास्थ्य चौकीहरूबाट निःशुल्क औषधि वितरणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ज) पाखेडाँडाँ सामुदायिक स्वास्थ्य इकाइ संचालन अनुदान निरन्तरताको लागि ५ लाख बजेट व्यवस्था मिलाएको छु ।

झ) घ्याङ सुकाठोकर स्वास्थ्य चौकि वर्थिङ सेन्टर सबलिकरणको लागि १५ लाख बजेट व्यवस्था मिलाएको छु ।

संङ्घ प्रदेश तथा पालिकाबाट समेत गरी स्वास्थ्य तथा आयुर्वेद क्षेत्रको लागि समग्र रु ४ करोड २६ लाख ४ हजार बजेट व्यवस्था मिलाएको छु।

४. कृषि तथा पशुपन्छी विकास

क) गाउँपालिका भित्र खेती भइरहेका उच्च प्रतिफल दिने प्रचुर सम्भावना भएका अकबरे खुर्सानी, सुन्तला, किवी, आलु आदि खेतीको विस्तारमा

उच्च प्राथमिकता दिई उत्पादनमा जोड दिइनेछ भने कृषकहरूलाई उन्नत बीउ, विजन, रासायनिक मल वितरणमा अनुदानका लागि यसका लागि आवश्यक व्यवस्था गरेको छु।

ख) कृषि बालीमा लाग्ने प्रमुख रोग किराबाट हुने क्षतिलाई समयमै नियन्त्रण गर्न र नोक्सानी न्यूनीकरण गर्न औषधि र विषादी खरिद गरी अनुदानमा वितरण गर्न यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ग) कृषकलाई आवश्यक मलमा आत्मनिर्भर बनाउन प्राङ्गारिक मल उत्पादन तथा उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम प्रस्ताव गरेको छु।

घ) गाउँपालिका भित्रका रैथाने बाली संरक्षण, तथा प्रवर्धनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ङ) बाँझो जमिनलाई उत्पादनको क्षेत्र बनाउन धान/मकै र आलु खेतीमा लागेका कृषकहरूको मनोबल उच्च बनाउन साथै उत्पादनलाई प्रोत्साहन गर्न कृषकलाई पुरस्कृत गर्ने कार्यक्रम प्रश्ताव गरेको छु।

च) पशुपंन्छीमा देखिएको लम्पी स्किन, खोरेत रोग लगायत अन्य आकस्मिक महामारी जन्य रोगहरूको निदान गर्नका लागि खोप खरिदका गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

छ) गाउँपालिका भित्रका कृषकहरूको पशुपन्छी पालन व्यवसायलाई पशु प्रजनन सेवा मार्फत उन्नत जातका नश्ल सुधार तथा विस्तार गरी सबै वडाहरूमा कृत्रिम गर्भाधान सेवालाई निरन्तरताको लागि आवश्यक व्यवस्था मिलाएको छु।

ज) कृषि यान्त्रीकरण प्रवर्धनको लागि १० लाख बजेट व्यवस्था मिलाएको छु।

क) केरा प्रवर्धन कार्यक्रमको लागि ५ लाख बजेट व्यवस्था मिलाएको छु ।

ख) व्यवसायीक कृषि प्रवर्धनको लागि ५ लाख बजेट व्यवस्था मिलाएको छु ।

झ) उत्पादनमा आधारीत दुधमा प्रोत्साहन कार्यक्रमको लागि ५ लाख बजेट व्यवस्था मिलाएको छु ।

कृषि तथा पशुपंक्षी विकासका लागि एकमुष्ट **रु. १ करोड ३९ लाख रकम व्यवस्था मिलाएको छु**

५. <u>भौतिक पूर्वाधारः</u>

ग) गाउँपालिकामा चालु आर्थिक वर्षमा निर्माणाधिन तथा अधुरा योजनाहरूको निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

घ) गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गर्न रु ७ करोड ५० लाख विनियोजन गरेको छु।

ङ) ३ नम्बर वडा कार्यालय भवन निर्माणको लागि ३ करोड ५२ लाख बजेट विनियोजन गरेको छु।

च) भेड्पु आधारभुत अस्पताल भवन निर्माणको लागि प्रदेश सरकारको समन्वयमा २० लाख बजेको व्यवस्था मिलाएको छु।

छ) प्रदेश तथा संघीय सरकारबाट प्राप्त भएका आयोजना तथा कार्कय्रमको लागि लागत साझेदारी गर्न तथा म्याचिङ फण्ड स्थापनाका लागि समपूरक कोषमा बजेट विनियोजन गरेको छु।

ज) गाउँपालिकाबाट वडामा जाने बाटोलाई बाह्रैमहिना चल्ने गरी स्तरोन्नति, सोलिङ, ग्राभेल लगायतका कार्यलाई प्राथमिकता साथ कार्यान्वयन गरिनेछ। यसका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

झ) विद्यमान सिँचाइ प्रणालीको स्तरोन्नति, आधुनिक तथा वैकल्पिक सिँचाई प्रविधिको प्रयोग गरी खेतीयोग्य क्षेत्रहरूमा नियमित रूपमा सिँचाइ सुविधा र नयाँ क्षेत्रहरूमा सिँचाइ सेवा उपलब्ध गरी खेती विस्तार गर्न साना सिँचाइका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ञ) आधारभूत खानेपानी तथा सरसफाइमा पहुँच पुर्याउन संघीय सरकार तथा गाउँपालिकाबाट समेत बजेट थप गरी योजना सञ्चालन तथा मर्मत सम्भारको लागि आवश्यक व्यवस्था बिनियोजन गरेको छु।

ट) काकालिङ बुद्धचोक मार्ग भन्ज्याङ खण्ड सडकको लागि रु १ करोड ४३ लाख बजेट व्यवस्था मिलाएको छु ।

ठ) बुङथली सहरे पैया वनटोल खानेपानी योजनाको लागि ४५ लाख बजेट व्यवस्था मिलाएको छु ।

ड) चिलाउने खुत्रुके लक्ष्मी मा वि भन्ज्याङ सडकको लागि २ करोड बजेट व्यवस्था मिलाएको छु ।

ढ) सिम्टे सत्येश्वर मा वि थालिडाँडा सडकको लागि २ करोड बजेट व्यवस्था मिलाएको छु ।

ण) लामाटोल तल्लो घ्याङ भुजेल टोल खानेपानी योजनाको लागि ७० लाख बजेट व्यवस्था मिलाएको छु ।

त) फलाटे कल्छे फोक्टे कृषि सडकको लागि १० लाख बजेट व्यवस्था मिलाएको छु ।

थ) चित्रे कालिदेवी मन्दिर पधेरोखोला सडक निर्माणको लागि २० लाख बजेट व्यवस्था मिलाएको छु ।

द) फड्के चित्रे सुङगुरे सडक निर्माण मेलुङ ४ को लागि २० लाख बजेट व्यवस्था मिलाएको छु ।

भौतिक पूर्वाधार तर्फ कूल १८ करोड १० लाख विनियोजन प्रस्ताव गरेको छु।

६. महिला बालवालिका तथा लक्षित वर्ग कार्यक्रमः

क) मेलुङ गाउँपालिका विभिन्न जनजाति, भेषभूषा, भाषा, धर्म, सांस्कृतिक विविधताले युक्त गाउँपालिका हो। यहाँ रहेको कला संस्कृतिको उजागर

गरेर ऐतिहासिक रूपमा संरक्षण र संवर्द्धन गर्दै लगिनेछ। यसका लागि सांस्कृतिक पुनर्जागरण कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ख) ज्येष्ठ नागरिक सम्मान, सामाजिक विभेद उन्मुलन कार्यक्रम, घरेलु हिंसा अन्त्य, अन्तरजातीय साँस्कृतिक प्रवर्द्धन, बालविवाह, अनमेल विवाह न्यूनीकरण जस्ता चेतनामुलक कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु। महिलाहरुको क्षमता विकास, लक्षित बर्गलाई सिपमुलक तालिमको लागि बजेट प्रस्ताव गरेको छु।

ग) राज्यको मूल प्रवाह भन्दा बाहिर रहेर अवसरबाट वञ्चितमा परि पछाडि पारिएका दलित तथा अल्पसंख्यक नागरिकहरूको सशक्तिकरण गर्दै राज्यको मूल प्रवाहमा समावेश गर्दै लगिनेछ। सशक्तिकरण कार्यक्रमको लागि **बजेट** व्यावस्था गरेको छु।

घ) अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक सुरक्षा र क्षमता अभिवृद्धि गर्दै उनीहरूको हक र अधिकार स्थापित गर्दै लगिनेछ। यसका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

ङ) प्रदेश सरकार, गाउँपालिकाको साझेदारीमा सञ्चालन भइरहेको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ। यसका लागि गाउँपालिकाबाट साझेदारीको लागि बजेट व्यवस्था गरेको छु।

महिला बालवालिका तथा लक्षित गर्वको लागि लागि एकमुष्ट **रु. १५ लाख ७२ हजार रकम व्यवस्था मिलाएको छु** ।

७. विपद व्यवस्थापनः

क) मेलुङ गाउँपालिकामा पहिरो तथा आगोलागीजन्य विपद्को घटनाहरू घट्ने सम्भावना देखिएकोले यसबाट सुरक्षित रहन विपद् प्रतिकार्य तथा उत्थानशील योजना बनाई कार्यान्वयन गरिनेछ। विपदबाट प्रभावित नागरिकहरूलाई सहायता गर्न प्रकोप व्यवस्थापन कोष स्थापना विपद् प्रतिकार्य योजना निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

८. न्यायिक समितिः

क) संविधानले दिएको अधिकारको प्रयोग गर्दै गाउँपालिका भित्रका न्यायिक समितिको अधिकार क्षेत्र भित्रका न्यायिक निरूपणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ख) नागरिकसँग न्यायिक समिति कार्यक्रम प्रश्ताव प्रस्ताव गरेको छु साथै न्यायिक समितिको असल अभ्यास आदान प्रदानको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

ग) गाउँपालिकामा न्यायिक निरूपणको प्रक्रिया र कानुन सम्बन्धी सेवा प्रदान तथा कानुनी सचेतना तालिम कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

न्यायिक समितिको लागि लागि एकमुष्ट **रु. १५ लाख रकम व्यवस्था मिलाएको छु**

९. सहकारी, गरिवी निवारण, सिप विकास रोजगार तथा उद्यमशिलता प्रवर्द्धनः

क) गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रमलाई निरन्तरता दिइनेछ, यसबाट गाउँपालिकामा स्वरोजगारी वृद्धि भई आत्म निर्भरता तर्फ उन्मुख हुने विश्वास लिएको छु सिप विकास न्यूनतम रोजगारी तथा उद्यमशिलता प्रवर्दन गर्न संघीय सरकारमा गाउँपालिकाको साझेदरी गरी आवश्यक बजेट विनियोजन गरेको छु

ख) वैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउन सामी कार्यक्रम सञ्चालन गरिनेछ।गाउँपालिका भित्र रिटर्नी स्वयंसेवक परिचालन गरी वैदेशिक रोजगार सम्बन्धी जानकारीमूलक कार्यक्रम सञ्चालन गरिनेछ। उक्त कार्यक्रमका लागि कर्मचारी तथा रिटर्नी स्वयंसेवक व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ग) वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको सही सदुपयोग गर्न वित्तीय साक्षरता कार्यक्रम र मनोसामाजिक परामर्शबाट वैदेशिक रोजगारीमा गएका परिवारहरूलाई राय परामर्श उपलब्ध गराउने कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

सहकारी गरिबी निवारण सिप विकास रोजागरी तथा उमम विकास कार्यक्रमको लागि एकमुष्ट **रु. ३२ लाख ९ हजार रकम व्यवस्था मिलाएको छु**

१०. सुशासन प्रवर्द्धनः

क) गाउँपालकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन प्रशासन सुधार कार्यक्रम सञ्चालन गरिनेछ। गाउँपालिकालाई सूचना प्रविधि मैत्री बनाउन डिजिटल नागरिक वडापत्र सञ्चालनमा ल्याइनेछ।सूचना तथा जानकारीहरूलाई नागरिकहरू समक्ष पुऱ्याउन फेसबुक पेज तथा वेबसाइटलाई नियमित अपडेट गरिनेछ।

ख) सेवालाई सूचना प्रविधि मैत्री बनाउन अनलाइनमा आधारित सिफारिस प्रणाली तथा एकीकृत कर प्रणाली लागू गरिनेछ। सेवा विस्तारलाई घर घरमा पुऱ्याउन गाउँपालिकाको आफ्नै मोबाइल एप्लिकेशन बनाएर कार्यान्वयनमा ल्याइनेछ।

ग) कर्मचारी तथा जन प्रतिनिधिहरूलाई सूचना प्रविधि मैत्री बनाउन आवश्यक तालिम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

घ) स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई प्रवर्द्धन गर्दै गाउँपालिकाको सुशासन प्रवर्धनमा जोड दिइनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ङ) गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचरीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न आवश्यक व्यवस्था मिलाएको छु।

च) गाउँपालिकाबाट प्रवाह हुने सेवालाई छिटो, छरितो, मितव्ययी र गुणस्तरीय बनाई सुशासन कायम गर्न कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चको लागि लागि एकमुष्ट **रु. ११ करोड ५० लाख रकम प्रस्ताव गरेको छु**

११. समाजिक सुरक्षा तथा पञ्जिकरणः

क) पञ्जीकरण तथा सामाजिक सुरक्षाको क्षेत्रमा आवश्यक बजेटको व्यवस्था मिलाएको छु। ३५ दिनभित्र जन्मदर्ता गराउनेलाई सुत्केरी प्रोत्साहन भत्ता तथा ३५ दिनभित्र मृत्यु दर्ता गराउनेलाई किरिया खर्च सहायतको लागि आवश्यक बजेटलाई निरन्तरता दिएको छु।

अन्तयमा,

नीति तथा कार्यक्रम एवं बजेट तर्जुमा प्रक्रियामा निरन्तर कार्य गर्ने स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजस्व परामर्श

समितिका लगायतका विषयगत समितिका पदाधिकारीहरु र सो को तयारीमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु।

कार्यक्रमको सफल कार्यान्वयनमा समुदाय, जनप्रतिनिधि तथा कर्मचारीहरूको ज्यादै ठूलो भूमिका रहेको हुन्छ।तसर्थ गाउँपालिकाले घोषणा गरेका कार्यक्रमहरूमा गाउँपालिकावासीहरूले अपनत्व ग्रहण गरी यसको कार्यान्वयनमा सहयोग पुऱ्याउने अपेक्षा लिएको छु। योजना तथा कार्यक्रमको सफल कार्यान्वयनबाट गाउँपालिकाले प्रदान गर्ने सेवामा गुणात्मक सुधार ल्याई सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने र यसबाट भविष्यमा स्थानीय सरकारलाई तुलनात्मक रूपमा सुदृढ व्यवस्थित सक्षम बनाउन सकिने विश्वास लिएको छु। आर्थिक वर्ष २०८३/०८४ को नीति कार्यक्रम तथा बजेटको कार्यान्वयनमा जनप्रतिनिधि, गाउँपालिकावासी, राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाज, सरकारी तथा गैर सरकारी संघ संस्था, सहकारी तथा निजी क्षेत्र उद्यमी व्यापारी कृषक, कर्मचारी लगायत सबैबाट सहयोगको अपेक्षा गरेको छु। साथै मुलुक भित्र तथा बाहिर रहनुभएका सम्पूर्ण नेपाली बुबाआमा दिदीबहिनी तथा दाजुभाइलाई सबल सक्षम समृद्ध र न्यायपूर्ण गाउँपालिका निर्माणमा आ-आफ्नो ठाउँबाट योगदान गर्न आव्हान गर्दछु।

धन्यवाद।

श्री गायत्री आचार्य
उपाध्यक्ष
मेलुङ गाउँपालिका,
मिति: २०८३/०३/१०